अपिहिमाल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

# संवत २०८० साल असार २२ गते बसेको कार्यपालिका बैठकका निर्णयहरु:

| क्र.स. | शाखा/उपशाखा | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १. | अघिल्लो कार्यपालिका बैठकको समीक्षा | मिति २०८० साल असार ९ गतेको कार्यपालिका बैठकका निर्णय कार्यान्वयन सम्बन्धमा प्रमुख प्रशासकीय अधिकृतबाट पेश भएको प्रतिवेदन स्वीकृत गर्ने र निर्णयहरुको पूर्ण कार्यान्वयन भई शत प्रतिशत प्रगती भएको हुँदा निर्णय कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको । |
| २. | प्रशासन शाखा | योजना छानबिन समितिले पेश गरेको वडा नं. ६ को मज्जे खोला लघु जलविद्युत आयोजना र वडा नं.२ स्थित रहेको श्री महादेव माध्यमिक विद्यालय ८ कोठे भवन निर्माणको प्रतिवेदन स्वीकृत सम्बन्धी प्रस्ताव स्वीकृत गरी सो आयोजनाहरुको भुक्तानीका लागि गाउँपालिका कार्यालयलाई स्वीकृति तथा निर्देशन दिने । |
| ३. | पूर्वाधार / योजना शाखा | आर्थिक वर्ष २०७९/०८० मा ठेक्का तथा विद्यालय व्यवस्थापन समितिसँग सम्झौता भई निर्माण सम्पन्न तपशिलका योजनाहरुको भुक्तानी प्राविधिक मुल्यांकन, प्रतिवेदन र पालिकास्तरीय अनुगमन समितिको प्रतिवेदन, बिल भरपाई लगायत आवश्यक कागजातका आधारमा दिन गाउँपालिका कार्यालयलाई स्वीकृति तथा निर्देशन दिने ।<br>तपसिलः<br>१. सिद्धमकरीकोट देखि खण्डेश्वरी अपिवेश क्याम्प पर्यटकीय पदमार्ग(ठेक्का नं. AHRM/NCB/07/077/ 078)धुलिखेल एल.बी. एण्ड एभि.जेभी.<br>२. ढलनिकास निर्माण अपिहिमाल वडा नं.४, (ठेक्का नं. 06/ 079/ 080/ CSSW/ NCB/ AHRM) लोथ्याल निर्माण सेवा ।<br>३. ढलनिकास निर्माण अपिहिमाल वडा नं.४, (ठेक्का नं. 04/ 079/ 080/ CSSFA/ NCB/ AHRM) अपिहिमाल निर्माण सेवा ।<br>४. मकरीकोट देखि खात्तीसम्म पर्यटकीय पि.सि.सि. पदमार्ग निर्माण अपिहिमाल ४, (ठेक्का नं. 03-079-080/MKTPPCW/NCB/AHRM) अपिहिमाल निर्माण सेवा ।<br>५. सिद्धमकरीकोट पदमार्गमा लगाएको रेलिङमा पेन्टिङ, खानेपानी तथा शौचालय मर्मत (श्री जय मष्टा निर्माण सेवा)<br>६. श्री गौरी शंकर आ.वि.मज्जे विद्यालय भवन निर्माण अपिहिमाल ६ दार्चुला<br>७. श्री खण्डेश्वरी मा.वि.क्षेत्ति भवन निर्माण अपिहिमाल ४ दार्चुला<br>८. श्री हिमालय आ.वि.पाथा भवन निर्माण अपिहिमाल ३ दार्चुला |
| ४. | पूर्वाधार / योजना शाखा | गाउँपालिकाको चालु आर्थिक वर्ष २०७९/०८० मा वडा नं. ४ स्थित औद्योगिक ग्राम घेरपर्खाल निर्माण (ठेक्का नं. 07/079/080/IVBWC/NCB/ AHRM) को निर्माण कार्यको मिति २०८०/०३/१७ गते सम्झौता भएकोमा आ.व.२०७९/०८० मा घेर पर्खाल निर्माण कार्य हुन नसक्ने |

इन्द्र बहादुर रावल
प्रमुख प्रशासकीय अधिकृत

अपिहिमाल गाउँ पालिका
गाउँ कार्यपालिकाको कार्यालय
खण्डेश्वरी, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

| | | |
|---|---|---|
| | | भएकाले सो ठेक्काको म्याद २०८० असोज मसान्त सम्म थप गर्ने । |
| ५. | प्रशासन शाखा | वडा नं. ६ छिपुलकेदार मा.वि.धंकंमा अध्ययनरत विद्यार्थी समिर महताको मिति २०८०/०३/१८ गते भिरबाट लडी मृत्यु भएको हुँदा निज मृतकका बुवा मान सिंह महतालाई विपद् व्यवस्थापन कोष बाट नगद राहत सहित मृतक समिर महताको पोष्टमाटमका लागि खलंगा दार्चुला आउँदा / जादाको गाडीभाडा समेत उपलब्ध गराउन गाउँपालिका कार्यालयलाई स्वीकृति तथा निर्देशन दिने । |
| ६. | | यस गाउँपालिका वडा नं.४ खत्तोली बस्ने लक्ष्मण बोहराको मिति २०८०/०३/०५ गते हिउँपहिरोमा परी मृत्यु भएको हुँदा निज मृतकका श्रीमती देबकी बोहरालाई राहत स्वरुप विपद व्यवस्थापन कोषबाट राहत उपलब्ध गराउन गाउँपालिका कार्यालयलाई निर्देशन दिने । |
| ७. | पूर्वाधार / योजना शाखा | यस गाउँपालिकाको जग्गा वर्गिकरण सम्बन्धी प्रारुप इन्जिनियरिङ सर्भिसिज प्रा.लि.काठमाडौंले तयार पारेको भूउपयोग वर्गिकरण योजना, २०८० स्वीकृत गरी सोको कार्यान्वयन गर्ने, जग्गाको कित्ता उपलब्ध गराउन र कित्ताकाट खोल्न नापि विभाग, काठमाडौं, जिल्ला नापि कार्यालय खलंगा, दार्चुला र जिल्ला मालपोत कार्यालय, खलंगा, दार्चुला सँग पत्राचार तथा अनुरोध गर्न गाउँपालिकाको कार्यालयलाई निर्देशन दिने । |
| ८. | पूर्वाधार / योजना शाखा | सिद्धमकरीकोट देखि खण्डेश्वरी अपिवेशक्याम्प पर्यटकीय पदमार्ग (ठेक्का नं. ०७-०७७/०७८/NEB/AHRM/ को निर्माणकर्ता Dhulikhel L.B and A.B.JV को म्याद मिति २०८०/०३/२० गते देखि मिति २०८० फागुन मसान्त सम्म म्याद थप गरी निर्माण कार्य सम्पन्न गराउन पूर्वाधार विकाश शाखा तथा योजना शाखा लाई निर्देशन दिने । |

ईन्द्र बहादुर रावल
प्रमुख प्रशासकीय अधिकृत